# कानुन ब्यवसायीहरूसँग
# “सरकारी वकीलको कार्यसम्पादन र अपेक्षा"
# विषयमा अन्तर्क्रिया वैठक

**<u>प्रतिवेदन</u>**

मितिः २०७९ असार १९ गते

आयोजक

उच्च सरकारी वकील कार्यालय, सुर्खेत

जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत

<u>प्रतिवेदक</u>

उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

उच्च सरकारी वकील कार्यालय, सुर्खेत ।

<u>विषयसूची</u>


| | | पृ. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| ३. | कार्यक्रमको उद्देश्य | १ |
| ४. | कार्यक्रमको विषयबारे जानकारी | १ |
| ५. | छलफलमा व्यक्त भएका विचारहरू | २ |
| ६. | छलफलमा व्यक्त विचारहरूको सम्बोधन | ७ |
| ७. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ८ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | ९ |
| | ख) सहभागीहरूको नामावली | १० |
| | ग) कार्यक्रमको तस्वीर | १२ |

## १. परिचय

उच्च सरकारी वकील कार्यालय, सुर्खेत र जिल्ला सरकारी वकील कार्यालय सुर्खेतको संयुक्त आयोजनामा कानुन ब्यवसायीहरूसँग "सरकारी वकीलको कार्यसम्पादन र अपेक्षा" विषयमा अन्तर्क्रिया वैठक मिति २०७९ असार १९ गते उच्च सरकारी वकील कार्यालय, सुर्खेतको सभाहलमा सम्पन्न भयो । उक्त कार्यशालामा उच्च अदालत बार एशोसिएशन सुर्खेत र जिल्ला अदालत बार एशोसिएशन सुर्खेतमा आवद्ध सुर्खेत जिल्लामा क्रियाशील कानुन ब्यवसायीहरूको सहभागीता रहेको थियो ।

## २. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः कानुन ब्यवसायीहरूसँग "सरकारी वकीलको कार्यसम्पादन र अपेक्षा" विषयमा अन्तर्क्रिया वैठक

२) कार्यक्रम सञ्चालन स्थानः उच्च सरकारी वकील कार्यालय, सुर्खेतको सभाहल

३) मितिः २०७९।३।१९

४) कार्यक्रम अवधिः दिउँसो ३ बजेदेखि ५:१० बजेसम्म

५) सहभागी संख्याः २० जना कानुन व्यवसायी, ४ जना सरकारी वकील र कार्यालयका रा.प. अनंकित कर्मचारी सहित २६ जना ।

६) कार्यक्रम संयोजन

क) संयोजकः उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

ख) सह-संयोजकः ना.सु. श्री क्रान्ति बि.सी.

ग) प्रतिवेदकः उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

## ३. कार्यक्रमको उद्देश्य

१) कानुनु व्यवसायीहरूसँग सरकारी वकीलको कार्यसम्पादन, अपेक्षा र सहयोगका क्षेत्रहरूका विषयमा छलफल गर्नु ।

## ४. कार्यक्रमको विषयबारे जानकारी

उच्च सरकारी वकील कार्यालय सुर्खेतका उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साललले कार्यक्रमको सञ्चालन गर्दै कार्यक्रमका विषयमा शुरुवातमा जानकारी गराउनुभएको थियो । उच्च सरकारी वकील कार्यालय, सुर्खेतका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसालले कार्यक्रमको उद्देश्य तथा छलफलका विषयहरु बारे प्रस्तुती गर्नुभएको थियो । जसलाई वुँदागत रूपमा उल्लेख गरिएको छः

- महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तथा वार्षिक कार्ययोजनाको कार्यक्रम कार्यान्वयन गर्ने
- सरकारी वकीलको परिचय तथा संस्थागत संरचना
- कार्य सम्पादनका आधारहरु

- कार्यसम्पादनको अवस्था सम्बन्धमा छलफल गर्ने
- कार्यसम्पादनमा देखिएका संस्थागत तथा व्यवहारगत कठिनाई पहिचान गर्ने
- पहिचान भएका कठिनाईको समाधानका विषयहरु
- अनुसन्धान र अभियोजनमा कानूनले अपेक्षा गरे बमोजिमको सहयोग
- शंकितको बयानमा विना पूर्वाग्रह सहयोग
- साक्षी परीक्षणमा सहयोग
- समय पालना र नियमितता
- पीडितलाई क्षतिपूर्ति र पुन स्थापना
- पेशागत आचरणको पालनामा साझेदारी
- सरकारी वकीलको कार्यसम्पादन विषयमा कानुन व्यवसायीको अपेक्षाहरु

## ५. छलफलमा व्यक्त भएका विचारहरू

**श्री विवसकुमार बस्नेत,**
**अधिवक्ता, उच्च अदालत बार एशोसिएशन सुर्खेत**

- कुनै व्यक्तिका विरुद्ध मुद्दा पर्ने वित्तिकै धरौटीमा छुट्ने भए पनि थुनछेक वहस हुँदा थुनामा राख्ने भन्ने सरकारी वकीलको वहस जिकिर हुने भएकाले कसूरको गम्भीरता अनुसार थुनछेक वहस हुनुपर्छ । थुनामै राख्नुपर्छ भन्ने जिकिरलाई सरकारी वकीलले छोड्नुपर्छ ।
- द्वन्द्वकालको अवस्थामा प्रहरीले घटना विवरण कागज प्रहरी कार्यालयमा गराउने परिपाटी शुरु गरेकोमा अहिले सम्म पनि त्यसलाई निरन्तरता दिएको छ । घटना विवरण कागज घटनास्थल क्षेत्रमा प्रहरी गएर मुद्दा सँग सरोकार राख्ने र देख्ने व्यक्तिहरुको हुनुपर्छ । प्रहरीले घटनास्थल मुचुल्का र घटना विवरण कागज घटनास्थलमा पुगेर काम गर्ने वातावरण मिलाउन जरुरी छ ।
- कानुन व्यवसायी प्रहरी हिरासतमा भेटना जाँदा लज्जित हुनुपर्ने अवस्था छ । अभियुक्तलाई कानुन व्यवसायीले सहज रुपमा भेट्ने वातावरण बनाउन पहल हुनुपर्छ ।
- अभियुक्तको अनुसन्धान अधिकारीसँग गरिने बयान प्रहरी कार्यालयमा तयार गरेर सरकारी वकील समक्ष पेश गरिने भन्ने गुनासो रहेको छ । अनुसन्धान अधिकारीसँग हुने बयान सरकारी वकील कार्यालयमा सरकारी वकील समक्ष हुनुपर्छ । बयान गर्नु पूर्व सरकारी वकीलले प्रहरीलाई नराखी अभियुक्तलाई छुट्टै राखेर कसूरको यथार्थताको बारेमा जानकारी लिई बयान गरेमा यथार्थ विवरण प्राप्त हुने वातावरण सिर्जना हुन्छ ।
- अनुसन्धान गर्ने निकायहरुले अनुसन्धान गर्दा आधुनिक अनुसन्धान पद्दतीलाई अपनाएर अनुसन्धान गर्नुपर्छ । फरेन्सिक विज्ञानको प्रयोग गरेको मुद्दाको

मिसिलहरु हेर्दा पाईंदैन । वारदात घटेपछि फिङ्गर प्रिन्ट लिने लगायतका कामहरु हुनुपर्छ ।

- अनुसन्धान गर्दा अभियुक्तलाई थुनेरै अनुसन्धान गर्नुपर्छ भन्ने मानसिकताबाट सरकारी वकील र प्रहरीको सोचमा परिवर्तन हुन जरुरी छ । कसूरको गम्भीरता अनुसार मात्र थुनामा राखेर वारदातको विषयमा अनुसन्धान गर्नुपर्छ ।

**श्री निरादेवी माङमू,**
**अधिवक्ता, जिल्ला अदालत बार एशोसिएशन सुर्खेत**
**वैतनिक वकील, श्री सुर्खेत जिल्ला अदालत**

- प्रहरी हिरासतमा रहेका पुराना थुनुवाले नयाँ थुनुवालाई कुट्ने गरेको गुनासो थुनुवाहरुबाट आउने गरेको छ ।
- जिल्ला प्रहरी कार्यालय सुर्खेतमा अनुसन्धान गर्ने कार्यमा कार्यरत प्रहरीहरु नै पीडितको पक्षमा नलागेर पीडकको पक्षमा लागेको पाइएको छ ।
- कारागार कार्यालय सुर्खेतमा अहिले सम्म कानुन व्यवसायी र आफन्तसँग थुनुवा र कैदीले भेटघाट गर्ने वातावरण छैन ।
- सम्पन्न अभियुक्तहरुले पनि वैतनिक कानुनी सहायता लिने परिपाटीले वैतनिक सहायताको दुरुपयोग गरेको अवस्था छ । वैतनिक कानुनी व्यवसायीको सुविधा नपाउने अभियुक्तलाई पनि असक्षम पक्ष भनेर अदालतले वैतनिक कानुन व्यवसायी तोक्ने गरेको पाइन्छ । अदालतले अभियुक्तको तर्फबाट वैतनिक कानुन व्यवसायी तोक्दा अभियुक्तको आर्थिक अवस्थाको विश्लेषण गरेर मापदण्ड बमोजिम तोक्दा उपर्युक्त हुन्छ ।
- कर्णाली प्रदेशमा नै बाल सुधार गृह नभएको अवस्था छ । बाल सुधार गृह नहुँदा यस प्रदेशका कानूनको विवादमा परेका बालकहरुलाई लुम्बिनी प्रदेशको बाँके जिल्लाको डुडुवा गाउँपालिकामा रहेको बालसुधार गृहमा पठाउने गरिएको छ । ७० जना क्षमता भएको उक्त बाल सुधार गृहमा १७० जनासम्म रहेको अवस्था छ । क्षमता भन्दा बढिको संख्यामा बालकहरु रहनु र बाँके जिल्लाको बसाईको हावापानी नमिल्दा यस क्षेत्रमा बालकहरुको स्वास्थ्यमा असर पर्ने र सुधारोन्मुख क्रियाकलाप प्रभावकारी नहुँदा व्यक्तिको आचरणमा परिवर्तन समेत नहुने देखिएकोले व्यक्तिको आचरणमा सुधार गर्ने गरी बाल सुधार गृहको ब्यवस्था सुर्खेत जिल्लामा हुनका लागि पहल गर्नुपर्ने देखिन्छ ।

**श्री नारायणनाथ योगी**
**अधिवक्ता, उच्च अदालत बार एशोसिएशन सुर्खेत**

- प्रहरीले हिरासतमा राख्न पाउने २५ दिनमा सामान्य प्रकृतिका छिट्टै अनुसन्धान सकिने मुद्दाहरुमा पनि अन्तिम अवस्थामा २४ दिन तिर अनुसन्धान प्रतिवेदन लग्ने

परिपाटीले अभियोग अन्तिम समयमा अदालतमा जाँदा अभियुक्तको बयान र थुनछेक ढिलो हुँदा धरौटीमा छुट्ने अभियुक्तहरुले पनि बढि दिन थुनामा बस्नुपर्ने अवस्था देखिएको छ । छिटो छरितो रुपमा अनुसन्धान सक्ने परिपाटीको शुरुवात हुन जरुरी छ ।

- कसूरको गम्भीरता अनुसार तारेख र धरौटमा अभियुक्तलाई छोडेर अनुसन्धान गर्ने परिपाटीको शुरुवात हुन जरुरी छ ।

**श्री उत्तमप्रसाद आचार्य**

**अधिवक्ता, उपाध्यक्ष, नेपाल वार एशोसिएशन**

- कारागार कार्यालयमा थुनामा रहेका कैदीहरुले मुद्दाको अन्तिम किनारा लागेको अवस्थामा सजाय छुट पाउनको लागि सरकारी वकील कार्यालयबाट मुद्दाको अन्तिम किनारा लागेको निस्सा चाहिने हुन्छ । यसका लागि मुद्दाको किनारा लागेको विवरण छिटो छरितो पाउने व्यवस्था सरकारी वकील कार्यालयले गर्नुपर्ने जरुरी देखिन्छ ।
- जाहेरी दरखास्त सामान्यतया कसूरको सूचना हो । यस्तो सूचना मौखिक रुपमा दिएर पछि प्रमाणित पनि गर्न सकिन्छ । अनुसन्धान गर्दै जाँदा कसूरदार देखिएमा मुद्दा चलाउने र नदेखिएमा मुद्दा नचलाउने निर्णय सरकारी वकीलले गर्न सक्छ । कानुन व्यवसायीले लेखेको जाहेरी दरखास्तमा प्रहरीका सामान्य दर्जाका मानिसहरुले समेत जाहेरी दरखास्तमा यो मिलेन त्यो मिलेन भनेर कानुन भन्दा बाहिर गएर जाहेरी दरखास्त लिएर जाने पीडितलाई दुख दिने गरेको अवस्था छ ।
- जिल्ला प्रहरी कार्यालय सुर्खेतको मुद्दा शाखामा नै विभिन्न दर्जामा रहेर लामो समय देखि बसेका प्रहरी कर्मचारीहरुले पीडकको मुद्दा यो कानुन व्यवसायीसँग हेर्न लगाउनु भनेर सिफारिस गर्ने परिपाटिले प्रहरी कर्मचारीमा वदनियत देखिन्छ । कुन कानुन व्यवसायीले पक्षको मुद्दा हेर्ने भन्ने पक्षको अधिकारको कुरा हो । यसमा प्रहरी कर्मचारीबाट हस्तक्षेप हुनु हुँदैन ।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले सम्बन्ध विच्छेद लगायतका मुद्दामा मिलापत्रका लागि जाने व्यक्तिहरुको नागरिकता र विवाहदर्ता प्रमाणपत्र राखिदिने गर्छ । सम्बन्ध विच्छेद मुद्दा कुन कानुन व्यवसायीबाट दर्ता गराउने भनेर प्रहरीले सिफारिस गर्ने गरेको पाइन्छ ।
- कानुन व्यवसायीले पीडितको तर्फबाट समेत प्रतिनिधित्व गरेर वहस पैरवी लगायतका काम गर्नुपर्ने हुन्छ । पीडितको तर्फबाट प्रतिनिधित्व गर्दा हामीले सरकारी वकीललाई सहयोग गर्ने हो । यसमा अन्यथा सरकारी वकीलले लिनु हुँदैन ।
- हामी सबै आ आफ्नो आचार संहितामा बाँधिएका छौं । आचार संहिता भन्दा बाहिर गएर व्यवसायिक मर्यादा विरुद्ध कसैले पनि काम गर्न हुँदैन ।

- म्याद थपमा ल्याउँदा प्रहरीले कुटपिट गर्दा थुनुवाको कानको जाली फुटेको र चेकजाँचका लागि नेपालगञ्ज लग्दा कसैलाई भनेमा मार्ने धम्की दिएको समेतका घटनाहरु यस अगाडि भएका छन् । यसमा सरकारी वकील सचेत भएर थुनुवाको अधिकार कार्यान्वयन गराउनेतर्फ सरकारी वकीलको भूमिका प्रभावकारी हुनुपर्छ ।
- अनुसन्धानमा सहयोग गर्ने अभियुक्तलाई सजाय छुटको व्यवस्था अभियोग मागदावीमा सरकारी वकीलले लिनुपर्ने देखिन्छ ।

**श्री रामबहादुर भण्डारी**
**अधिवक्ता, जिल्ला अदालत बार एशोसिएशन सुर्खेत**

- कानुन व्यवसायीले सहज रुपमा अदालतमा अभियोग पत्र दायर भएपछि नक्कल पाउने व्यवस्था हुन जरुरी छ । धेरै जना प्रतिवादी भएको मुद्दामा अभियोग पत्रको प्रतिलिपी सहज रुपमा पाउने व्यवस्था छैन । अभियुक्त उपर मुद्दा चल्ने निर्णय भएपछि अभियुक्त उपर अदालतमा अभियोगपत्र दायर गर्ने बेला अभियुक्तलाई पनि अभियोग पत्रको प्रतिलिपी प्राप्त हुने ब्यवस्था भएमा अभियुक्तको तर्फबाट मुद्दाको तयारी गर्न कानुन व्यवसायीलाई सहज हुने अवस्था हुने थियो ।
- कानुन व्यवसायीले प्रहरीमा सजह रुपमा थुनुवालाई भेटन पाउने प्रबन्ध हुन जरुरी छ ।
- सरकारी वकील समक्ष थुनुवाको बयान हुँदा तपाईंको कानुन व्यवसायीसँग समन्वय गर्नुस भनेर वातावरण बनाउन जरुरी छ ।
- साक्षी परिक्षण भयरहित वातावरणमा शान्तिपूर्ण मैत्री वातावरणमा साक्षी परिक्षण गराउने वातावरण हुन जरुरी छ ।

**श्री नन्दबहादुर भण्डारी**
**अधिवक्ता, जिल्ला अदालत बार एशोसिएशन सुर्खेत**

- सरकारवादी मुद्दाको अनुसन्धान गर्दा धेरै छुट सहुलियतहरु दिएका छन् । अनुसन्धानबाट मुद्दा नचल्ने अवस्था भएपनि सरकारी वकीलबाट मुद्दा नचल्ने निर्णय भएको अवस्था छैन । सरकारी वकीललाई मुद्दा चल्ने नचल्ने निर्णय गर्ने अधिकार न्यायाधीश सरह भएकाले त्यसलाई दुरुपयोग नहुने गरी प्रयोग गर्न जरुरी छ ।
- अनुसन्धानको क्रममा साना तीना मुद्दामा धरौटीमा छोड्दा प्रमाण नष्ट नहुने अवस्था भएमा धरौटीमा छोड्ने अभ्यास गर्न जरुरी छ । धरौटीमा छोड्दा थप प्रमाण प्राप्त हुने अवस्था समेत हुन सक्छ ।
- घटना घट्छ घट्नास्थल वरपरका मानिसहरुको कागज गराईंदैन । घटनामा संलग्नता नभएका घटनास्थलमा नभएका मानिसहरुको कागज गराइन्छ । जसले अनुसन्धानमा सहयोग पुग्दैन ।

- घट्नास्थल मुचुल्का घट्नास्थलमा नपुगेर गर्ने परिपाटी रहेको छ । पछि स्थानीय जनप्रतिनिधिको रोहवरमा सही गराउने प्रचलन रहेको छ । निष्पक्ष अनुसन्धान गर्ने कार्यमा बारले सहयोग गर्नुपर्ने ठाउँमा हामी सहयोग गर्न तयार छौं ।

**श्री हिमालय जंग शाही**
**अधिवक्ता, जिल्ला अदालत बार एशोसिएशन सुर्खेत**

- सरकारी वकील समक्ष हुने प्रतिवादीको बयानमा तिम्रो कानुन व्यवसायी को हुन् भन्ने प्रश्न समावेश गर्न जरुरी छ ।
- जाहेरी दरखास्तमा बहुविवाह मुद्दाहरुमा महिलाको यकिन विवरण नहुँदा म्याद तामेल नभएको अवस्था छ । जाहेरी दरखास्तमा महिला कसकी छोरी हुन् भन्ने विवरण खुलाउन जरुरी छ ।
- भिसेरा लगायत परिक्षणका लागि पठाइने रिपोर्टहरु फैसला हुने वेलासम्म पनि नआउने अवस्था छ । रिपोर्टहरु फैसला हुनु भन्दा अगाडि आउने प्रबन्ध गर्न जरुरी छ ।
- अनुसन्धान गर्दा अनुसन्धानसँग सम्बन्धित फोटो र भिजुअल राख्ने प्रबन्ध हुन जरुरी छ ।
- बालविवाहमा परेको जाहेरीलाई जबरजस्ती करणीतर्फ परिणत गर्ने परिपाटीको अन्त्य हुनुपर्छ ।
- बरामद भएका वस्तु जो मुद्दासँग सम्बन्धित हुँदैनन् ती वस्तुहरु सम्बन्धित व्यक्तिलाई फिर्ता दिने व्यवस्था हुनुपर्छ ।
- प्रहरी जवानहुँदा देखि प्रहरी सहायक निरीक्षक र प्रहरी नायव निरीक्षकसम्म हुँदा सम्म एउटै कार्यालयको मुद्दा शाखामा काम गर्ने परिपाटीले प्रहरीबाट मुद्दामा प्रभाव पार्ने काम भइरहेको छ । यसको अन्त्य हुनुपर्छ ।

**श्री गीताकुमारी कोइराला**
**अधिवक्ता, जिल्ला अदालत बार एशोसिएशन सुर्खेत**

- प्रहरी कहाँ जाहेरी परेर अनुसन्धान शुरु भएपछि प्रतिवादीको तर्फबाट मुद्दा हेर्नका लागि निश्चित कानुन व्यवसायीलाई सिफारिस गरिदिने परिपाटीको अन्त्य हुनुपर्छ ।
- प्रहरीले चाहेमा निर्दोष मानिसलाई पनि दोषी बनाउने परिपाटी छ । न्याय स्वच्छ रुपमा दिने प्रचलन छैन ।
- महिला अभियुक्तलाई हैरान पार्ने प्रचलन रहेको छ । त्यसैगरी पीडित महिलालाई सजिलै उपर्युक्त वातावरणमा आफ्ना कुरा राख्ने अवस्था छैन । यसमा सबै सरोकारवालाहरु सहित प्रहरी र अदालत बढि संवेदनशील हुन जरुरी छ ।
- पीडितको वकपत्र गराउँदा संवेदनशील भएर अपनाउनु पर्ने सकारात्मक सोच निकै कम पाइन्छ ।

**श्री शेरबहादुर खत्री**

**अधिवक्ता, जिल्ला अदालत बार एशोसिएशन सुर्खेत**

- सहकारी जस्ता ठगी मुद्दाहरु जसको बिरुद्ध जाहेरी पर्छ त्यही व्यक्तितर्फ मात्र केन्द्रित रहेको पाइन्छ । यस्ता मुद्दाहरुमा धेरै जनाको संलग्नता हुने भएकाले आधुनिक शैली अपनाएर ठोस र गहन अनुसन्धान हुनुपर्छ । सरकारी वकीलले पनि प्रहरीलाई प्रभावकारी अनुसन्धान गर्न निर्देशित गर्नुपर्छ ।

## ६. छलफलमा व्यक्त विचारहरूको सम्बोधन

उक्त अन्तरक्रिया वैठकमा कानुन व्यवसायीहरूले उठाएका विचारहरूको जिल्ला सरकारी वकील कार्यालय सुर्खेतका जिल्ला न्यायाधिवक्ता श्री नविनकुमार भट्ट र उच्च सरकारी वकील कार्यालय, सुर्खेतका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसालले सम्बोधन गर्नुभएको थियो । सम्बोधनलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

**श्री नविनकुमार भट्ट**

**जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत**

- हाजिर जमानीमा छोड्ने कार्यको शुरुवात भएको छ । प्रमाण नभएका मुद्दाहरुमा मुद्दा नचलाउने निर्णय भइरहेका छन् ।
- घट्नास्थल नजाने प्रचलनलाई सुधार गर्नका लागि आवश्यक पहल गरिने छ ।
- प्रतिवादीको बयान सरकारी वकील कार्यालयमा सरकारी वकीलको रोहवरमा नै हुने गरेको छ ।
- धरौटी लिएर छोड्ने कार्यमा प्रहरी अनुदार छ । मुद्दा नचलाउने विषयमा प्रहरीको रायमा कमै मात्रमा मात्र आउने गर्छ ।
- कानूनले दिएको अधिकार प्रयोग गरी धरौटी लिएर धरौटी रकम धरौटी खातामा राखेर छोड्ने परिपाटीको लागि आवश्यक पहल गरिने छ ।
- कार्यक्रमबाट प्राप्त सुझावहरुलाई गहन रुपमा लिई आगामी आ.व. देखि कार्यान्वयन गरिने छ ।

**श्री ज्ञानप्रसाद भुसाल,**

**सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, सुर्खेत**

- कानुन व्यवसायीले पेशागत रुपमा जुन समस्या ब्यहोर्नुभएको छ । ती समस्याहरु कार्यक्रममा व्यक्त भएका छन् । त्यसको समाधानका लागि सरकारी वकीलको तर्फबाट पहल गरिने छ । सुधारका लागि प्रहरी र अदालतमा पनि समन्वय गरिने छ ।
- कार्यक्रममा व्यक्त विचारहरुले सरकारी वकीलको कार्य सम्पादनमा थप सुधार गर्न मद्दत पुग्ने छ ।

- कैदी, वन्दी र पीडितको संवैधानिक र कानुनी अधिकारको संरक्षणका लागि सरकारी वकील र कानुन ब्यवसायीको एउटै भूमिका हुनुपर्छ ।
- अभियुक्तको कानुनी अधिकारको बारेमा प्रहरीलाई थप सचेत गराइएको छ ।

## ७. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- फौजदारी न्याय प्रणाली प्रभावकारी बनाउन सरकारी वकीलबाट कानुन ब्यवसायीहरूले राखेको अपेक्षाहरूका बारेमा जानकारी भई आगामी दिनमा सरकारी वकीलको काम कारबाही प्रभावकारी बनाउन मद्दत पुग्ने छ ।
- सरकारी वकील र कानुन ब्यवसायीहरूको साझा सरोकारका विषयहरूबारे जानकारी भई संयुक्त रूपमा पहल गर्न मद्दत पुग्ने छ ।

**अनुसूचीहरू**

**क) कानुन ब्यवसायीहरूसँग "सरकारी वकीलको कार्यसम्पादन र सहयोगका क्षेत्र तथा अपेक्षा" विषयमा अन्तर्क्रिया वैठक**

मिति २०७९।३।१९ समयः- दिउँसो ३ बजेदेखि ५:१० बजेसम्म

कार्यक्रम स्थानः उच्च सरकारी वकील कार्यालय, सुर्खेतको सभाहल

आयोजकः- उच्च सरकारी वकील कार्यालय सुर्खेत र जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत

कार्यक्रम सञ्चालक- उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, उच्च सरकारी वकील कार्यालय, सुर्खेत

| | |
|---|---|
| ३.००-३.१५ | उपस्थिति |
| ३.१५-३.३० | सहभागीहरूबीच परिचय |
| ३.३०-४.०० | कार्यक्रमको उद्देश्य र सरकारी वकीलको अपेक्षाः उच्च सरकारी वकील कार्यालय, सुर्खेतका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल |
| ४.००-५.०० | कानुन व्यवसायीहरूबीच छलफल र जिज्ञाशाको सम्बोधनः जिल्ला सरकारी वकील कार्यालय सुर्खेतका जिल्ला न्यायाधिवक्ता श्री नविनकुमार भट्ट र उच्च सरकारी वकील कार्यालय, सुर्खेतका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल । |
| ५.००-५.१० | धन्यवाद सहित कार्यक्रम समापन |

**ख) सहभागीहरूको नामावली**

| क्र.सं. | नाम | पद | संस्था/कार्यालय | टेलिफोन नं |
|---|---|---|---|---|
| १ | श्री ज्ञान प्रसाद भुसाल | सहन्यायाधिवक्ता | श्री उच्च सरकारी वकील कार्यालय सुर्खेत | ९८४१७२९९१८ you.bhusal@gmail.com |
| २ | श्री नविन कुमार भट्ट | जिल्ला न्यायाधिवक्ता | श्री जि.स.व.का. सुर्खेत | ९८५८०६०१६२ nabinkb123@gmail.com |
| ३ | श्री प्रेम बहादुर फडेरा | अधिवक्ता | जिल्ला अदालत वार एशोसियशन सुर्खेत | ९८४३५६३४९१ premphadera@gmail.com |
| ४ | राज ब. बोगटी | अधिवक्ता | जिल्ला अदालत वार एशोसिएशन सुर्खेत | ९८४१७०००५६ bogatiraj7000@gmail.com |
| ५ | विवस कुमार बस्नेत | अधिवक्ता | उ.वा.ए.सुर्खेत | bibas.basnet@gmail.com |
| ६ | भीमराज गौली | सहायक न्यायाधिवक्ता | उ.स.व.का. सुर्खेत | ९८५८३२२५६६ rajgauli77@gmail.com |
| ७ | मोतीराम शर्मा | सदस्य | जिल्ला अदालत वार एशोसिएशन सुर्खेत | sharmamoti32@gmail.com |
| ८ | राम बहादुर भण्डारी | अधिवक्ता | जिल्ला अदालत वार एशोसिएशन सुर्खेत | ९८४८०३९७५४ |
| ९ | पर्वलाल दाहाल | अधिवक्ता | जिल्ला अदालत वार एशोसिएशन सुर्खेत | ९८४८०६८८८४ |
| १० | राजेन्द्र भारती | अधिवक्ता | उच्च अदालत बार एशोसिएशन सुर्खेत | ९८४८०२०९२६ |
| ११ | हिमालयजंग शाही | अधिवक्ता | जिल्ला अदालत वार एशोसिएशन सुर्खेत | ९८४८१९१२२६ |
| १२ | शेर बहादुर खत्री | अधिवक्ता | जिल्ला अदालत वार एशोसिएशन सुर्खेत | ९८४३३०४०९५ |

| | | | | |
|---|---|---|---|---|
| १३ | नारायण नाथ योगी | अधिवक्ता | उच्च अदालत बार एशोसिएशन सुर्खेत | ९८४८०५०१६८ |
| १४ | उत्तमप्रसाद आचार्य | अधिवक्ता/ उपाध्यक्ष | नेपाल बार एशोसिएशन | ९८५८०५३२३९ advocate.uttamacharaya@gmail.com |
| १५ | हस्तराज रेग्मी | अधिवक्ता | उच्च अदालत बार एशोसिएशन सुर्खेत | ९८५११९४२२६ regmije@gmail.com |
| १६ | खगेन्द्र खनाल | अधिवक्ता | जि. अदालत वार एशोसिएशन सुर्खेत | ९८४८११२०३४ |
| १७ | निरादेवी माङमू | अधिवक्ता/ वैतनिक वकील | जिल्ला अदालत वार एशोसिएशन सुर्खेत/सुर्खेत जिल्ला अदालत | ९८६८०८९५०२ |
| १८. | गिता कुमारी कोइराला | अधिवक्ता | जिल्ला अदालत वार एशोसिएशन | ९८४३७९०४०१ |
| १९ | टोपबहादुर वली | अभिवक्ता | जिल्ला अदालत वार एशोसिएशन | ९८४८११५००५ |
| २० | नारायण बुढाथोकी | अधिवक्ता | उच्च अदालत बार एशोसिएशन सुर्खेत | ९८४१५३३२०३ |
| २१ | नगेन्द्र लम्साल | उपन्यायाधिवक्ता | उ.स.व.का. सुर्खेत | ९८४१४४०७८१ nagendralamsal@gmail.com |
| २२ | दुर्गाप्रसाद सापकोटा | अधिवक्ता | उच्च अदालत बार एशोसिएशन सुर्खेत | ९८५८०५२२२८ durgasapkota41@gmail.com |
| २३ | डम्मर बहादुर थापा | अधिवक्ता | जि. अदालत बार एशोसिएशन सुर्खेत | ९८४९३१५३४६ |
| २४ | नन्दबहादुर भण्डारी | अध्यक्ष | जि. अदालत बार एशोसिएशन सुर्खेत | ९८४८०२४१३४ nandabahadurbhandari@gmail.com |
| २५. | रेशमबहादुर सिंजाली मगर | क.अ. | उ.स.व.का.सुर्खेत | ९८४८०९७४४३ sijaliresham2045@gmail.com |
| २६ | गोविन्द बहादुर बस्नेत | ना.सु. | उ.स.व.का. सुर्खेत | ९८४८०३७५८६ |

ग) कार्यक्रमको तस्वीर




अन्तरक्रिया कार्यक्रममा धारणा राख्दै कानुनी व्यवसायी ।




कार्यक्रमका सहभागी सरकारी वकील र कानुन व्यवसायीहरु ।